# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश, बिराटनगर

**निर्यातजन्य बाली वस्तुको निर्यात नमूना (Sample) परिक्षणमा सहयोग कार्यक्रमको पुनः सूचना प्रकाशन सम्वन्धमा।**

**दोश्रो पटक प्रकाशित मिति २०८३/०१/०४**

यस मन्त्रालयको आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रममा स्वीकृत रहेको निर्यातजन्य बाली वस्तुको निर्यात नमूना (Sample) परिक्षणमा सहयोग कार्यक्रमको लागि प्रथम पटक सूचना मिति २०८२/१२/०५ गते प्रकाशन गरिएकोमा १ वटा मात्र प्रस्ताव सूचिकृत हुन आएको हुदाँ पुनः दोश्रो पटकको लागि यो सूचना प्रकाशन गरिएको छ । यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका निर्यातजन्य बाली वस्तुको उत्पादनगरी निर्यात गर्न चाहने ईच्छुक फर्म, उत्पादक, संस्था, समुह, सहकारी र कृषकहरुले आफ्नो उत्पादन विदेश निर्यातको लागि नमूना परिक्षण गर्न नमूना (Sample) विदेश पठाईएको नमूना परिक्षणको खर्चमा ५० प्रतिशत अनुदान लिन मिति २०८३ साल बैशाख मसान्त सम्म यस मन्त्रालयमा सूचिकृत गर्न सूचना प्रकाशन गरिएको छ ।

थप जानकारीको लागि मन्त्रालयका कृषि अर्थ विज्ञ शर्वरी भट्टराई (९८६२६५६६९९) र कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी (९८५२०३५०४९) लाई सम्पर्क गर्न सकिनेछ ।

<u>निवेदन साथ संलग्न कागजातहरु</u>

१. नियमानुसार व्यवसाय दर्ता भएको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमााण पत्र तथा नविकरणको प्रमाण पत्र

२. निर्यातजन्य बाली वस्तुको नाम

३. निर्यातजन्य बाली उत्पादन परिमाण (मे.टन मा)

४.निर्यात गर्न लागेको मुलुक

५. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी

६. सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी

२०८३/०१/०४

महाशाखा प्रमुख